# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

प.सं.:०८०/८१

सू.नं.: 83

मितिः २०८१/०१/३०

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!**

(दोस्रो पटक प्रकाशित मिति २०८१/०१/३०)

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको लागि विपन्न महिला, कोभिड-१९ प्रभावित महिला, एकल महिला, हिंसा पिडित महिला, परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारको महिलाहरुको जीविकोपार्जन सुधार तथा स्वारोजगार कार्यक्रम संचालनको लागि नियमानुसार दर्ता भएका संघ/संस्थाहरुले जीविकोपार्जन सुधार कार्यक्रमको लागि कृषि तथा पशुपालन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची -२ बमोजिमको ढाँचामा उक्त मापदण्डको दफा १० बमोजिमको कागजात संलग्न गरी प्रस्तावना तयार गरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस लिखु गाउँपालिकाको कार्यालयमा प्रस्तावना पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत पुर्वक दर्ता नभएका र समय भित्र पेश हुन नआएका प्रस्ताव उपर कुनै कार्वाही गरिने छैन।

**सञ्चालन गर्ने कार्यक्रमः**

| क्र.स | कार्यक्रम | लक्षित समुह | लक्ष्य | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्षित समुहलाई सिप तथा व्यवसायिक तालिम | उद्यमी महिला/ उद्यमी समुह | २५ जना | ५ दिन | |

**प्रस्तावनामा संलग्न हुनुपर्ने विवरणहरु/कागजातहरुः**

१. संस्थाको विधान, परिचय, उदेश्य कार्यक्रम सञ्चालन प्रक्रिया भौतिक तथा वित्तय स्रोत स्रोत सम्बन्धी विवरण
२. प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण
३. प्रचालित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपि
४. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश,अन्य निकायबाट प्राप्त हने सम्भाव्य सहयोगा वा साक्षेदारीको सोत सहितको यथार्थ विवरण
५. कालो सूचिमा नपरेको र प्रचालित कानून बमोजिम अयोगय नरहेको स्वःघोषणपत्र
६. प्रस्ताव दर्ता संस्थाले विपन्न एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्तावना पेश गर्नु पर्नेछ।
७. प्रस्ताव राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड,२०७७ अनुसार हुनु पर्ने छ।

1/9/30

अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत